बैठक संख्या : १४६/२

आज मिति २०८३/०४/१८ गते सोमवारका दिन बिहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपसिल बमोजिमका पदाधिकारी र सदस्यहरूको उपस्थितिमा बैठक बस्यो ।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उप प्रमुख | |
| ३ | श्री मणी बहादुर पुलामी मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ६ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ७ | श्री टेक बहादुर राई | सदस्य | |
| ८ | श्री सुनिता चौधरी | सदस्य | |
| ९ | श्री धनपती गौतम | सदस्य | — |
| १० | श्री सालिग्राम बस्नेत | सदस्य | |
| ११ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १२ | श्री बिक्रम राई | सदस्य | — |
| १३ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १४ | श्री रिता राजवंशी | सदस्य | |
| १५ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १६ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १७ | श्री निलम कुमारी राई | सदस्य | |
| १८ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| १९ | श्री जाँच मान याक्खा राई | सदस्य | — |
| २० | श्री विजय तोलाङ्गी | सदस्य | — |
| २१ | श्री संजय बहादुर राजलवट | सचिव | |

प्रस्तावहरू

१. करार कर्मचारीहरूको म्याद थप सम्बन्धमा ।

२. तह वृद्धि सिफारिस समिति गठन सम्बन्धमा ।

३. योजना छनौट सम्बन्धमा ।

४. वार्षिक समीक्षा सम्बन्धमा ।

५. विषयगत समितिको पुनर्गठन गठन सम्बन्धमा ।

६. मर्मत सम्बन्धमा ।

७. अमना सिसौली पर्यटकीय क्षेत्र विस्तृत परियोजना प्रस्ताव संशोधन सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

  क. निर्णय अनुमोदन सम्बन्धमा ।

  ख. कार्यवाहक वडा अध्यक्ष सम्बन्धमा ।

  ग. विदा सम्बन्धमा ।

  घ. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।

  ङ. आर्थिक सहायता सम्बन्धमा ।

  च. LGPAS सम्बन्धमा ।

    अ. अनुगमन प्रतिवेदन सम्बन्धमा।

    आ. व्यवस्थापन परीक्षण प्रतिवेदन सम्बन्धमा ।

    इ. दिगो सुधारको समष्टिगत कार्ययोजना सम्बन्धमा ।

    ई. सार्वजनिक सेवा मापदण्ड सम्बन्धमा

    उ. क्षेत्राधिकार बाहिर करारोपण नगरेको सम्बन्धमा ।

नगर प्रमुख

निर्णयहरू

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा।</td><td>बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ अनुसार पुनरावलोकन समितिलाई प्राप्त भएका मूल्याङ्कन फारामहरुको मिति २०८३।०३।१५ गते देखि मिति २०८३।०३।२० गते सम्म बसेको पुनरावलोकन समितिको बैठकको निर्णयानुसार कार्य सम्पादनको स्तर ८० प्रतिशत भन्दा बढी रहेका तथा यस कार्यालयको मिति २०८३/०३/०१ को निर्णानुसार मिति २०८३/०३/०१ गते देखि सेवा करारमा नियुक्ति पाई नियमानुसार का.स.मु.का लागि कार्य समय अपुग भएका कार्यरत करार कर्मचारीहरुको म्याद थप गर्नका लागि समितिबाट सिंफारिस भई आएका अनुसूची १ बमोजिमका करार कर्मचारीहरुको मिति २०८३ पौष मसान्तसम्मको लागि करार म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।</td></tr>
<tr><td>२</td><td>तह वृद्धि सिफारिस समिति सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको तह वृद्धिका लागि सिफारिस गर्ने कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा (२७) को उपदफा (४) बमोजिम गठन हुने तह वृद्धि सिफारिस समितिमा लेखा अधिकृत (अधिकृतस्तर आठौं) श्री धनमाया राई र अधिकृतस्तर सातौं श्री सुशील खड्कालाई तोक्ने सर्वसम्मत निर्णय गरियो।</td></tr>
<tr><td>३</td><td>योजना छनौट सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकामा आर्थिक वर्ष २०८३/८४ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत भएका देहाय बमोजिमका योजनाहरू संञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>देहाय
<table>
<tr><th>क्रस</th><th>सि नं</th><th>योजनाको नाम</th><th>सञ्चालन गर्ने योजना</th><th>कैफियत</th></tr>
<tr><td>क</td><td>९९</td><td>नगर शैक्षिक सुधार आयोजना</td><td>१ श्री कवीर माध्यमिक विद्यालय बेलबारी २ को ३ कोठे भवन निर्माण<br>२ श्री विरेन्द्र माध्यमिक विद्यालय बेलबारी ६ को ३ कोठे भवन निर्माण</td><td></td></tr>
<tr><td>ख</td><td>११७</td><td>स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास</td><td>श्री जनता माध्यमिक विद्यालय बेलबारी १ को ४ कोठे भवन निर्माण</td><td></td></tr>
</table></td></tr>
<tr><td>४</td><td>वार्षिक समीक्षा सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयको वार्षिक समीक्षा कार्यक्रम मिति २०८३/०४/२३ गते शनिवार सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।</td></tr>
<tr><td>५</td><td>विषयगत समिति पुनर्गठन सम्बन्धमा।</td><td>बेलबारी नगरपालिकामा रहेका देहाय बमोजिमका विषयगत समितिको देहाय बमोजिम हुने गरी पुनर्गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>जनप्रतिनिधिको नाम थर</th><th>समिति</th><th>तोकिएको जिम्मेवारी</th></tr>
<tr><td>१</td><td>श्री डिल्ली बहादुर कटुवाल</td><td>आर्थिक विकास समिति</td><td>संयोजक</td></tr>
<tr><td>२</td><td>श्री गंगा बहादुर याखखा</td><td>स्थानीय राजस्व परामर्श समिति</td><td>सदस्य</td></tr>
</table></td></tr>
</table>

नगर प्रमुख

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| | | ३ \| श्री कृष्ण बहादुर गुरुङ \| नगरस्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समिति \| सदस्य |
| ६ | मर्मत सम्बन्धमा। | बेलबारी नगरपालिका क्षेत्र भित्र मर्मत गर्ने आवश्यक सम्पुर्ण सडकहरु, नहरको सडक, बेलबारी न.पा.-०१ स्थित कृषि बजार र मबेशी हाटबजार मर्मत प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो । |
| ७ | अमना सिसौली पर्यटकीय क्षेत्र विस्तृत परियोजना प्रस्ताव संशोधन सम्बन्धमा । | अमना सिसौली पर्यटकीय क्षेत्र विस्तृत परियोजना प्रस्ताव संशोधन गर्न स्वीकृत प्रदान गर्ने तथा संसोधित प्रस्तावित विस्तृत परियोजना निर्माण प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो । |
| ८ | विविध | |
| क | निर्णय अनुमोदन सम्बन्धमा । | अ. बेलबारी नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८३/०३/३१ गते बसेको बैठकका अनुसूची २ बमोजिमका निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।<br>आ. बेलबारी नगरपालिकाको नगर विपद् व्यवस्थापन समितिको मिति २०८३/०४/१४ गते वसेको बैठकका अनुसूची ३ बमोजिमका निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ख | कार्यवाहक वडा अध्यक्ष सम्बन्धमा। | मिति २०८३/०४/१५ गतेको निर्वाचन आयोगको सूचना अनुसार बेलबारी नगरपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री योगेन्द्र प्रसाद सुवेदको निर्वाचित पद स्वतः रिक्त भएको भनी जानकारी प्राप्त भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उपदफा (१) बमोजिम वडा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वडा समितिका सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्ने व्यवस्था रहेकोले सम्बन्धित वडा कार्य समितिको मिति २०८३/०४/१८ को निर्णय बमोजिम वडा सदस्य श्री चन्द्र बहादुर राईलाई कार्यवाहक अध्यक्ष छनौट गरी पठाएको हुँदा निजलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो। |
| ग | विदा सम्बन्धमा। | बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत अधिकृतस्तर आठौं श्री नर बहादुर श्रेष्ठको मिति २०८२/२/१० गतेको कार्यपालिकाको बैठकमा मिति २०८२/१२/०५ गते देखि लागू हुने गरी ९० दिन घर बिदा स्वीकृत भएकोमा निज कर्मचारी मिति २०८३/०४/०४ गते देखि कार्यालयमा उपस्थिति भई हाजिर हुन पाँउ भनी निवेदन दिनु भएको हुँदा उक्त दिन देखि हाजिर गराई काम काजमा खटाउने सर्वसम्मत निर्णय गरियो । |
| घ | संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा। | संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम बेलबारी नगरपालिकाको कार्यालय र बेलबारी नगर अस्पताल समेतको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्माण प्रकृया यथाशिघ्र अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो । |
| ङ | आर्थिक सहायता सम्बन्धमा । | नेपाल तेक्वान्दो संघको मिति २०८३/०३/०४ को चलानी नं. ८३९/०८२/०८३ को आर्थिक सहयोग सम्बन्धी पत्रानुसार आगामी एसियाली खेलका लागि सञ्चालित तेक्वान्दो प्रशिक्षण कार्यक्रममा बेलबारी नगरपालिका वडा नं. ८ स्थायी बासिन्दा राष्ट्रिय तेक्वान्दो खेलाडी श्री सन्तोषी राई बन्द प्रशिक्षणमा रही नियमित रूपमा प्रशिक्षण लिईरहेको हुँदा निज खेलाडीलाई उक्त प्रतियोगितामा सहभागी हुन रू एक लाख रूपैया मात्र आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो । |

नगर प्रमुख

| प्रस्ताव नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| च | LGPAS सम्बन्धमा । | अ. नगरस्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले पेस गरेको आर्थिक वर्ष २०८२/०८३ को अनुगमन प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>आ. सुशासन तथा संस्थागत विकास समितिले पेस गरेको बेलबारी नगरपालिकाको व्यवस्थापन परीक्षण प्रतिवेदन २०८२/०८३ माथी छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>इ. सुशासन तथा संस्थागत विकास समितिले पेस गरेको बेलबारी नगरपालिकाको दिगो सुधारको समष्टिगत कार्ययोजना स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>ई. बेलबारी नगरपालिकाको सार्वजनिक सेवा मापदण्ड, २०८३ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>उ. बेलबारी नगरपालिकाले क्षेत्राधिकार बाहिर करारोपण नगरेको तथा कानुन बमोजिम मात्र कर उठाईएको स्वःघोषणाको सर्वसम्मत निर्णय गरियो । |

दिलप्रसाद राई
नगर प्रमुख

अनूसुची १

निर्णय नं. १ संग सम्बन्धित म्याद थप भएका करार कर्मचारीहरुको सूची:

| सि.नं. | नाम थर | पद | कार्यरत |
|---|---|---|---|
| १ | कृष्ण न्यौपाने | सुचना प्रविधि अधिकृत | सुचना प्रविधि शाखा |
| २ | बालकृष्ण निरौला | ईन्जिनियर | सडक तथा पूर्वाधार विकास शाखा |
| ३ | विरेन्द्र गिरी | ईन्जिनियर | भवन तथा भुमी व्यवस्थापन शाखा |
| ४ | सुवास थापा | कृषि स्नातक करार | कृषि सेवा केन्द्र, बेलबारी-७ |
| ५ | अष्टनारायण धिमाल | कार्यक्रम संयोजक | भुमिहिन सुकुम्बासी समस्या समाधान ईकाइ |
| ६ | गुरु प्रसाद अधिकारी | श्रोत विज्ञ | शिक्षा शाखा |
| ७ | विप्लप राजवंशी | सव-ईन्जिनियर | वडा नं. १ र २ |
| ८ | दयाराम आचार्य | सव-ईन्जिनियर | सडक तथा पूर्वाधार विकास शाखा |
| ९ | मदन रायमाझी | एम.आई.एस. अपरेटर | सामाजिक सुरक्षा तथा पञ्जिकरण ईकाइ |
| १० | केशव प्रसाद आचार्य | सहायकस्तर पाँचौं | नगर प्रमुख सचिवालय |
| ११ | लक्ष्मी गुरुङ | मनोसामाजिक परामर्शकर्ता | रोजगार सेवा केन्द्र |
| १२ | अशिम पोखेल | सहायकस्तर चौथो | उद्योग सहकारी संघ संस्था शाखा |
| १३ | आस्मा मण्डल खवास | अपाङ्ग सहायता सहजकर्ता | दर्ता चलानी |
| १४ | गुणराज तिम्सिना | अ.सव-ईन्जिनियर | वडा नं. ४ |
| १५ | रचना लुईटेल | अमिन | भवन तथा भूमि व्यवस्थापन शाखा |
| १६ | योगेन्द्र गौतम | अ.सव-ईन्जिनियर | वडा नं. ६ र ७ |
| १७ | राजेन्द्र कुमार खवास | अ.सव-ईन्जिनियर | वडा नं. ५ |
| १८ | खगेन्द्र गौतम | स.कम्प्युटर अपरेटर | योजना -शाखा |
| १९ | राधेश्याम साह | स.कम्प्युटर अपरेटर | वडा नं. ६ |
| २० | सुरेश कार्की | स.कम्प्युटर अपरेटर | वडा नं. १ |
| २१ | दिल कुमार राजवंशी | स.कम्प्युटर अपरेटर | वडा नं. ८ |
| २२ | रोष्ना भट्टराई | स.कम्प्युटर अपरेटर | वडा नं. ९ |
| २३ | लक्ष्मी फुदोङ | स.कम्प्युटर अपरेटर | वडा नं. १० |
| २४ | दिनेश खड्का | स.कम्प्युटर अपरेटर | सडक तथा पूर्वाधार विकास शाखा |
| २५ | केशव प्रसाद ढकाल | स.कम्प्युटर अपरेटर | कानुन तथा विधायन शाखा |
| २६ | यशोदा देवि दुलाल | स.कम्प्युटर अपरेटर | वडा नं. ७ |

मिति २०८३/०४/१८ गते १४८ औं कार्यपालिका बैठकको निर्णय

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २७ | प्रदिप श्रेष्ठ | स.कम्प्युटर अपरेटर | नगर उप प्रमुख |
| २८ | सीता गुरागाई | उद्यम विकास सहजकर्ता | लगु उद्यम |
| २९ | रन्जु ढकाल | फिल्ड सहायक | वडा नं. ११ |
| ३० | तारा सुवेदी नेपाल | सामाजिक परिचालक | वडा नं. ११ |
| ३१ | शारदा अधिकारी | सामाजिक परिचालक | वडा नं. ५ |
| ३२ | बिनोद बराल | सामाजिक परिचालक | वडा नं. ४ |
| ३३ | राज राई | अमिन | वडा नं. २ |
| ३४ | निर बहादुर खुलाल | हलुका सवारी चालक | नगर उप-प्रमुख |
| ३५ | राम प्रसाद सुवेदी | हलुका सवारी चालक | प्र.प.अ. |
| ३६ | लोकेन्द्र भण्डारी | हलुका सवारी चालक | नगर प्रमुख |
| ३७ | विरेन खवास | हलुका सवारी चालक | एम्बुलेन्स |
| ३८ | नविन निरौला | हलुका सवारी चालक | सब-वहान |
| ३९ | युवराज सुन्चेउरी | हेभी सवारी चालक | वारुणयन्त्र व्यवस्थापन ईकाइ |
| ४० | सुरेन्द्र राई | हेभी सवारी चालक | वारुणयन्त्र व्यवस्थापन ईकाइ |
| ४१ | कमल विश्वकर्मा | हेभी सवारी चालक | नगर बस |
| ४२ | मोहन बहादुर बिष्ट | नगर प्रहरी ईन्चार्ज | नगर प्रहरी वल इकाइ |
| ४३ | इन्दिरा खवास | नगर प्रहरी जवान | नगर प्रहरी वल इकाइ |
| ४४ | जीवन राई | नगर प्रहरी जवान | नगर प्रहरी वल इकाइ |
| ४५ | अभिषेक राई | नगर प्रहरी जवान | नगर प्रहरी वल इकाइ |
| ४६ | चण्डिका धिमाल | नगर प्रहरी जवान | नगर प्रहरी वल इकाइ |
| ४७ | संजिव कुमार श्रेष्ठ | नगर प्रहरी जवान | नगर प्रहरी वल इकाइ |
| ४८ | गजेन्द्र राई | नगर प्रंहरी जवान | नगर प्रहरी वल इकाइ |
| ४९ | भुपेन खड्का | नगर प्रहरी जवान | नगर प्रहरी वल इकाइ |
| ५० | अनिल राई | नगर प्रहरी जवान | नगर प्रहरी वल इकाइ |
| ५१ | मनोज कार्की | अग्नि निरोधक | वारुणयन्त्र व्यवस्थापन ईकाइ |
| ५२ | अभिषेक देवान | अग्नि निरोधक | वारुणयन्त्र व्यवस्थापन ईकाइ |
| ५३ | सागर खवास | अग्नि निरोधक | वारुणयन्त्र व्यवस्थापन ईकाइ |
| ५४ | विजय कुमार चौधरी | का.स. | वडा नं. ७ |
| ५५ | गंगा गौतम | का.स. | वडा नं. १ |
| ५६ | गंगा माया धिमाल | का.स. | वडा नं. १० |

मिति २०८३/०४/१८ गते १४८ औं कार्यपालिका बैठकको निर्णय

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ५७ | राधिका खवास | का.स. | वडा नं. ५ |
| ५८ | करुणा चौहान विष्ट | का.स. | उप- प्रमुख, प्रशासन, स्वास्थ्य |
| ५९ | रोशन माझी | का.स. | कानुन र जिन्सी |
| ६० | पूजा चौधरी | का.स. | वडा नं. ९ |
| ६१ | डम्वर कुमारी गिरी | का.स. | नगर प्रमुख, आ.प्र., प्र.प्र.अ., सूचना प्रविधि |
| ६२ | निर्मला कटुवाल | का.स. | वडा नं. ११ |
| ६३ | दिपा ढुङ्गाना | का.स. | वडा नं. ३ |
| ६४ | विना मल्लिक | सरसफाई कर्मचारी | नगर |
| ६५ | सिता राई | सरसफाई कर्मचारी | नगर |
| ६६ | दिपा सुवेदी घिमिरे | कार्यालय सहयोगी | शिक्षा,उद्योग र भुमी इकाई |
| ६७ | नारायण भट्टराई | कार्यालय सहयोगी | पशु सेवा शाखा र २ नं. वडा |
| ६८ | पुरुषोत्तम पौडेल | कार्यालय सहयोगी | वडा नं ८ |
| ६९ | विक्रम कुमार कठेत | कार्यालय सहयोगी | कृषि र पशु सेवा केन्द्र बेलबारी-७ |
| ७० | डा. प्रेम कुमार दास | एम.डि.जी.पी. | नगर अस्पताल |
| ७१ | डा. प्रभाष थापा | मे.अ. | नगर अस्पताल |
| ७२ | डा. जुना खड्का | मे.अ. | नगर अस्पताल |
| ७३ | डा. फुलु प्रसाद ठाकुर | मे.अ. | नगर अस्पताल |
| ७४ | शेखर खवास | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य शाखा |
| ७५ | अमृता चौधरी | हे.अ. | नगर अस्पताल |
| ७६ | सर्विन धिमाल | हे.अ. | नगर अस्पताल |
| ७७ | रोहित राजवंशी | हे.अ. | नगर अस्पताल |
| ७८ | सुजता राई | हे.अ. | नगर अस्पताल |
| ७९ | स्वस्तिका राई | हे.अ. | नगर अस्पताल |
| ८० | शरदचन्द्र मिश्र | ल्या.टे | नगर अस्पताल |
| ८१ | रुसा मंग्राती | रेडियोग्राफर | नगर अस्पताल |
| ८२ | प्रदिप खवास | ल्या.टे | नगर अस्पताल |
| ८३ | विनिता बस्नेत | स्टाफ नर्स | आ.स्वा.से.के. बेलबारी-८ |
| ८४ | मूना विश्वकर्मा | स्टाफ नर्स | नगर अस्पताल |
| ८५ | सिर्जना धिमाल | स्टाफ नर्स | नगर अस्पताल |

मिति २०८३/०४/१८ गते १४८ औं कार्यपालिका बैठकको निर्णय

नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ८६ | रिँया एक्चाई मगर | स्टाफ नर्स | नगर अस्पताल |
| ८७ | नोवल श्रेष्ठ | हे.अ. | नगर अस्पताल |
| ८८ | खिना देवि निरौला | अ.न.मी-चौविस घण्टे | बाहुनी प्रा.स्वा. से.के. बेलबारी-७ |
| ८९ | विष्णु कुमारी मंग्राती | अ.न.मीं. | आ.स्वा.से.के. बेलबारी-४ |
| ९० | सिता राई | अ.न.मी. | आ.स्वा.से.के. बेलबारी-११ |
| ९१ | कोपिला भण्डारी | ल्याब अ. | नगर अस्पताल |
| ९२ | पुजा कुमारी चौधरी | ल्याब अ. | डाँगीहाट स्वा. चौकी बेलबारी-९ |
| ९३ | भिम कुमारी कार्की | ल्याब.अ. | नगर अस्पताल |
| ९४ | दिपा खड्का | ल्याब.अ. | बाहुनी प्रा.स्वा. से.के. बेलबारी-७ |
| ९५ | रविचन्द्र खनाल | डार्करुम अपरेटर | नगर अस्पताल |
| ९६ | रितु कुमारी राई | सि.वि.आर सहजकर्ता | नगर अस्पताल |
| ९७ | रविना राई | सि.वि.आर सहजकर्ता | नगर अस्पताल |
| ९८ | घनश्याम कार्की | सि.वि.आर सहजकर्ता | स्वास्थ्य शाखा |
| ९९ | दिनेश गौतम | अ.हे.ब. | नगर अस्पताल |
| १०० | अर्जुन श्रेष्ठ | स.कम्प्युटर अपरेटर | नगर अस्पताल |
| १०१ | मार्टिना घिमिरे | स. कम्प्युटर अपरेटर | नगर अस्पताल |
| १०२ | निकेस प्रसाई | स. कम्प्यूटर अपरेटर | नगर अस्पताल |
| १०३ | शिव नारायण चौधरी | स. कम्प्यूटर अपरेटर | नगर अस्पताल |
| १०४ | सुनिता नेपाल | का.स. | अर्युवेद औषधालय |
| १०५ | जमुना कुमारी खवास | का.स | नगर अस्पताल |
| १०६ | शारदा खनाल | का.स. | डाँगीहाट स्वा. चौकी बेलबारी-९ |
| १०७ | तारा देवि सुवेदी पाण्डे | का.स. | आ.स्वा.से.के. बेलबारी-८ |
| १०८ | पुजा विश्वकर्मा | का.स. | आ.स्वा.से.के. बेलबारी-४ |
| १०९ | समिता लिम्बु | का.स. | आ.स्वा.से.के. बेलबारी-२ |
| ११० | रविना चौधरी | का.स. | कसेनी स्वा. चौकी बेलबारी-५ |
| १११ | सुमन खवास | का.स. | आ.स्वा.से.के. बेलबारी-६ |
| ११२ | सूना गोले | का.स. | आ.स्वा.से.के. बेलबारी-३ |
| ११३ | मुना धिताल | का.स. | आ.स्वा.से.के. बेलबारी-११ |
| ११४ | जनकलाल चौधरी | का.स. | बाहुनी प्रा.स्वा. से.के. बेलबारी-७ |
| ११५ | हस्तिमाया मंग्राती | का.स. | आ.स्वा.से.के. बेलबारी-१ |

मिति २०८३/०४/१८ गते १४८ औं कार्यपालिका बैठकको निर्णय

देवप्रसाद राई
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ११६ | दमन्ता जोगी | का.स. | | आ.स्वा.से.के. बेलबारी-१० |
| ११७ | अजित कुमार चौधरी | का.स. | | नगर अस्पताल |
| ११८ | सरस्वती कार्की | का.स. | | नगर अस्पताल |
| ११९ | उमा मास्के | का.स. | | नगर अस्पताल |
| १२० | तारा चन्द्र क्षेत्री | का.स. | | नगर अस्पताल |

दिलप्रसाद राई
नगर प्रमुख

अनुसूची २

निर्णय नं. ७ क नगर शिक्षा समितिको निर्णय

<u>निर्णय नं. १ अस्थायी सेवा नवीकरण सम्बन्धमा।</u>

१.प्रस्ताव नं १ माथि छलफल गर्दा विगतको अभ्यासलाई निरन्तरता दिइदै बेलबारी नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत तपसिल बमोजिमका शिक्षक/कर्मचारीहरुको सेवालाई निरन्तरता दिने प्रयोजनका लागि सोही विद्यालयको व्यवस्थापन समितिले कार्य सम्पादनको आधारमा ६/६ महिनामा करार सेवा नविकरण गरी सो को अभिलेखिकरण शिक्षा शाखामा अनिवार्य पठाउने र सो प्रयोजनका लागि तपसिल बमौजिमको दस्तुर लिई अभिलेखीकरण कार्य गरी सो को जानकारी सम्वन्धित शिक्षक र विद्यालयलाई दिने व्यवस्था मिलाउने निर्णय गरियो।

## १. तपसिलः-

| क्र.स. | पद | नविकरण दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | वालविकास सहजकर्ता,कार्यलय सहयोगी र कार्यालय सहायक | रु १००।- | |
| २ | आधारभूत तह कक्षा १-५ सम्म | रु २००।- | |
| ३ | आधारभूत तह कक्षा १-८ सम्म | रु ३००।- | |
| ४ | माध्यमिक तह कक्षा ९-१२ सम्म | रु ५००।- | |

अनुसूची ३

निर्णय नं. ७ ख बेलबारी नगरपालिकाको नगर विपद् व्यवस्थापन समितिको निर्णय

निर्णयहरुः

१ आर्थिक वर्ष २०८२/८३ मा विपद् व्यवस्थापन कोषबाट आगलागी, हावाहुरी, बाढी, चट्याङ तथा अन्य प्राकृतिक एवं गैरप्राकृतिक विपद्का घटनाबाट प्रभावित व्यक्ति तथा परिवारलाई प्रचलित कानुन, कार्यविधि तथा स्वीकृत मापदण्ड बमोजिम उपलब्ध गराइएको राहत, उद्धार तथा पुनःस्थापना सम्बन्धी खर्चको विवरण समितिमा प्रस्तुत भई विस्तृत समीक्षा गरियो। साथै आगामी आर्थिक वर्षमा विपद् व्यवस्थापन कोषको प्रभावकारी, पारदर्शी र परिणाममुखी परिचालनका लागि आवश्यक सुधारात्मक उपायहरू अवलम्बन गर्ने निर्णय गरियो।

२ बेलबारी नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७९ को दफा ६ मा भएको व्यवस्था अनुरुप सम्पूर्ण वडा समितिको कार्यालयहरुमा वडा स्तरीय विपद व्यवस्थापन समितिको गठन गर्न र समितिलाई सक्रिय पार्न वडा समितिलाई पत्राचार गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

३ मनसुनजन्य तथा अन्य सम्भावित प्राकृतिक एवं गैरप्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापनका लागि सम्बन्धित शाखा, वडा कार्यालय, सुरक्षा निकाय, स्वास्थ्य संस्था तथा सरोकारवाला निकायबीच आवश्यक समन्वय र सहकार्य गर्दै पूर्वतयारीका सम्पूर्ण कार्यहरू समयमै सम्पन्न गर्ने निर्णय गरियो। साथै विपद् व्यवस्थापन सामग्रीको मौज्दात अद्यावधिक गर्ने, आवश्यक उपकरण तथा राहत सामग्रीको व्यवस्थापन गर्ने, उच्च जोखिमयुक्त क्षेत्रको नियमित अनुगमन गर्ने, पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने, उद्धार तथा राहत कार्यमा

नगर प्रमुख

खटिने जनशक्ति तथा स्वयंसेवकलाई आवश्यक अवस्थामा तत्काल परिचालन गर्ने तथा विपद सूचना प्राप्त हुनेबित्तिकै द्रुत उद्धार, राहत र क्षति मूल्याङ्कनको कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

४ विविध

क. बेलबारी नगरपालिका वडा नं. ३ अन्तर्गत जनमार्ग वन कार्यालय सिमपाने खण्ड सडकको बीचमा सुकेको अवस्थामा रहेको साल जातको १ थान रुख हावाहुरीको समयमा ढली विपदको अवस्था सृजना गर्न सक्ने भएकाले सो रुख व्यवस्थापन गर्न मोरङ जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

ख. बेलबारी नगरपालिका वडा नं. ०९ अन्तर्गत डाँगीहाट चोकको सडकको पश्चिमपट्टि रहेको बिद्युतीय ट्रान्सफर्मरको कारण विपदको अवस्था सृजना हुन सक्ने भएकाले सो ट्रान्सफर्मर स्थानन्तरणका लागि बिद्युत प्राधिकरण बेलबारी शाखालाई सिफारिस गर्ने निर्णय गरियो।

डिलप्रसाद राई
नगर प्रमुख